# ४५ अर्बको औषधि बजारमा नेपाली उद्योगको हिस्सा ५० प्रतिशत



A- A A+

क्यापिटल नेपाल


काठमाडौं । नेपालको औषधी बजारमा स्वदेशी उद्योगको हिस्सा बढ्दै गएको छ । एक दशकअघि १० प्रतिशत हारहारीमा रहेको नेपाली औषधीको हिस्सा अहिले बढेर ५० प्रतिशतसम्म पुगेको छ ।




टाइम फर्मास्युटिकल्सको व्यापार बढ्दो, औषधी बेचेर ७९ करोड आम्दानी

टाइमले बजार रणनीतिहरुमा परिमार्जन गरेपछि व्यवसाय वार्षिक रुपमा १५ प्रतिशतले विस्तार भएको जनाएको छ । सन् २०२२ सुरु भएयता टाइमको आम्दानी २० प्रतिशतले बढेको छ ।

उद्योगीकाअनुसार नेपाली उद्योगले वार्षिक २३ अर्ब रुपैयाँको औषधी उत्पादन तथा बिक्री वितरण गर्दै आएका छन् । बाँकी औषधी भारत लगायतका तेस्रो मुलुहरूबाट आयात हुने गरेको छ ।



[क्वेस्ट फर्मास्युटिकल्सको व्यापारमा वृद्धि, कम्पनीले गर्‍यो २ अर्बको कारोबार]

उद्योग सन १९९९ मा स्थापना भएको हो । मुटु, मधुमेह र छालाका साथै अन्य विभिन्न रोगहरुका लागि क्वेस्टले १०० प्रकारका औषधी उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ ।

अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट

नेपालमा पहिलो पटक जापानी प्रविधिबाट
8 को दम
श्री SHREE स्टील्स

विशेष गरी क्यान्सर, मृगौला र मुटुलगायत ठूला रोगका औषधी विदेशबाट आयात हुने गरेको छ । औषधीको बजार प्रत्येक वर्ष १८ देखि २० प्रतिशतले बढ्दै गएको सम्बद्ध उद्योगीहरुले बताएका छन् ।



[औषधि ऐन २०३५ लाई संशोधन गरे ९० प्रतिशत औषधीमा आत्मनिर्भर बन्ने](#)

काठमाडौं । नेपाललाई औषधीमा आत्मनिर्भर बनाउन सरकारी नीति तथा कानुनमा परिमार्जनका साथ सोही अनुसार अनुकु

सरकारको उचित सहयोग हुन सक्यो भने अबको केही वर्षमै मुलुकलाई आत्मनिर्भर बनाउन सकिने दावी उद्योगीको छ । स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने सरकारी नीति र उपयुक्त वातावरण बन्न सक्यो भने छिट्टै नेपाललाई औषधीमा ८० देखि ९० प्रतिशत आत्मनिर्भर बनाउन सकिने तर्क उद्योगीहरूको छ ।



## डेढ अर्ब लगानीमा विराटनगरमा खुल्यो निप्पोन फर्मास्युटिकल्स, ६ प्रकारका औषधी उत्पादन गर्दै

अहिले ६ प्रकारका औषधिको उत्पादन गरिरहेको उद्योगले जनाएको छ । उद्योगले १०० प्रकारका औषधी उत्पादनका लागि औषधी व्यवस्था विभागबाट अनुमति पाइसकेको छ ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड एभारोमेन्ट (साउती) को तथ्याँकअनुसार नेपालमा वर्षेनी औषधी प्रयोगकर्ताको संख्या १५ प्रतिशतले वृद्धि भइरहेको छ । सो मागलाई पुरा हुने गरी स्वदेशमै औषधी उत्पादन हुन सकेको छैन ।




## चितवनको जुगेडीमा १०२ करोड लगानीमा ओममेगाश्री औषधी उद्योग, युरोपियन मापदण्डसहित निर्यात गर्ने

पूर्वाधारको अन्तिम काम भइरहेको उद्योगबाट आगामी ६ महिनाभित्र औषधी उत्पादन हुनेछ । अहिले उद्योगले अनुसन्धान तथा विकास (आरएन्डडी) को काम गरिरहेको छ ।

साउतीका अध्यक्ष एवंम अर्थशास्त्री डा. पोषराज पाण्डेले ४५ अर्ब रुपैयाँको बजार हिस्सामा नेपाली औषधी उत्पादकहरुको ५० प्रतिशत योगदान रहेको उल्लेख गरेका छन् ।




## रेम्डेसिभिर औषधीको उत्पादन नेपालमै हुन थाल्यो, बजारमा ल्याउन नेसनल हेल्थकेयरको तयारी

काठमाडौं । कोरोनाका बिरामीको उपचारमा प्रयोग गरिएको रेम्डेसिभिर औषधीको एक नेपाली कम्पनीले उत्




विभिन्न चुनौतीहरुलाई पार गर्दै नेपाली उत्पादकहरुले आवश्यक औषधीहरु उत्पादन गर्दै लगेको र सरकारले आवश्यक सहजीकरण गर्न सके आत्मनिर्भरतर्फ उन्मुख भएको उनको भनाई छ । साउतीकै प्रतिवेदनअनुसार अहिले नेपालमा २० हजार २३२ वटा खुद्रा पसल र ३ हजार ३५१ वटा थोक पसलबाट औषधीको कारोबार हुँदै आएको छ ।

कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा औषधी उद्योगको योगदान ६.७ प्रतिशत रहेको छ । सन २०१९ कै तथ्यांकलाई आधार मान्दै हाल मुलुकभर ७३ वटा औषधी उद्योगहरु सञ्चालनमा रहेको जनाएको छ । मुटुरोग थेराप्यूटिक समूहहरुमा स्वदेशी उत्पादकहरुको हिस्सा लगभग ५० प्रतिशत छ भने एन्टिबायोटिक, मधुमेह औषधिहरुमा ३० देखि ४० प्रतिशत प्रयोग हुने गरेको छ ।

इनहेलर, इन्जेक्टेबल, क्रिटिकल केयर, क्यान्सर प्रतिरोधी, भ्याक्सिनहरु विदेशबाट आयात गरिदै आएको छ । सञ्चालनमा रहेका मध्ये ३० औषधी उद्योगहरुले विश्व स्वास्थ्य संगठन (डब्ल्युटीओ)ले निर्धारण गरेको कुशल उत्पादन विधि (जीएमपी)मा सर्टिफाइट गर्ने प्रक्रिया अगाडी बढाएका छन् ।

नेपालमा सबैभन्दा बढी औषधी ग्यास्ट्रीक, स्वासप्रश्वास, मुटु, दात, दुखाई कम गर्ने (पेनकिलर) रहेका छन् । साउतीले दिएको रिपोर्टमा ७३ प्रतिशत आन्तरिक उत्पादनमा भएका औषधीहरु प्रयोग हुने गरेको छ । यस्तै कार्डेटिक थेरापी ५० प्रतिशत सेयर छ भने एन्टीबायोटिक्स ड्रग्स ३० देखि ४० प्रतिशत प्रयोग हुने गरेको छ ।

औषधी उत्पादक संघका अध्यक्ष प्रज्वलजंग पाण्डेले विभिन्न समस्याका बाबजुद पनि उत्पादनमा जोड दिइरहेको बताए । सरकारको नीतिगत समस्याको कारणले पर्याप्त मात्रामा औषधी उत्पादन गर्न नसकेको उनको भनाई छ । औषधीहरु उत्पादन गरे पनि सरकारले अनुमति नदिएकै कारण रोकिएको भन्दै सरकारले बाटो सहजिकरण गरिदिनुपर्ने उनले बताए ।

संघले आफ्ना समस्याहरु सुनाउन र समधानका लागि छलफल गर्नका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेललाई बोलाएका थिए । तर, सचिव पोखरेल भने अन्तिम समयमा उपस्थित भएनन् । सहभागीहरुले जसलाई आफ्नो समस्याहरु सुनाउनु पर्ने हो तीनै निकायका अधिकारी उपस्थित नभएको भन्दै उद्योगीहरुले आक्रोशसमेत पोखेका थिए ।

**नेसनल हेल्थकेयर सबैभन्दा अगाडी**

साउतीका अनुसार उत्पादन, बजारलगायत सबै हिसावले नेसनल हेल्थकेयर अग्रस्थानमा रहेको छ । त्यसपछि देउराली जनता फर्मास्युटिकल रहेको साउतीले जनाएको छ ।

यस्तै नेपाल फर्मास्युटिकल, अरिस्टो फर्मास्युटिकल, लोमश फर्मास्युटिकल, एसिएन फर्मास्युटिकल, टाइम फर्मास्युटिकल,आर्या फर्माल्याब, इनतास फर्मास्युटिकल, एमटीच मेड, मगनस फर्मा र क्रस फर्मास्युटिकल रहेका छन् । यसैगरी

अल्किम ल्याबराटोरिज, माइक्रो ल्याब, सन फर्मास्युटिकल, सिप्ला, ग्लिनपार्क फर्मास्युटिकल, अबोट र ब्लूक्रस ल्याबराटोरिजको औषधीहरु नेपालमा बढी आयात हुने गरेको छ ।

मङ्गलबार १० साउन २०७९ ०६:५० PM मा प्रकाशित